विधेयक सङ्ख्या :

# मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२०८०

**सङ्घीय संसद सचिवालय**

संसद भवन, सिंहदरबार

## <u>उद्देश्य र कारण</u>

अनुचित लेनदेनको कार्यलाई फौजदारी कसूर कायम गरी सजायको व्यवस्था गर्न र घरसारमा हुने लेनदेन सम्बन्धी व्यवहारलाई व्यवस्थित र पारदर्शी बनाउने व्यवस्था गर्न सङ्घीय संसदको अधिवेशन चालू नरहेको तत्कालिन अवस्थामा मिति २०८०/०१/२० मा मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको थियो। मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न जारी भएको उक्त अध्यादेश प्रतिनिधि सभाबाट मिति २०८०।०१।२७ मा र राष्ट्रिय सभाबाट मिति २०८०।०२।०५ मा स्वीकृत समेत भइसकेको छ। सङ्घीय संसदको दुवै सदनबाट स्वीकृत भएको उक्त अध्यादेशले गरेको व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएकोले अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी तयार गरिएको प्रस्तुत "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" पेस गरेको छु।

धनराज गुरूङ<br>
मन्त्री<br>
कानून, न्याय तथा संसदीय मामिला

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा अनुचित लेनदेनको कार्यलाई फौजदारी कसूर कायम गरी सजायको व्यवस्था गर्ने र घरसारमा हुने लेनदेन सम्बन्धी व्यवहारलाई पारदर्शी र व्यवस्थित बनाउन अनुचित लेनदेनको पीडितलाई कसूरदारबाटै रकम भराई दिनुपर्ने व्यवस्था गरिएको छ। विधेयकमा उल्लिखित विषय हाल भइरहेको प्रशासनिक तथा साङ्गठनिक संरचनाबाटै कार्यान्वयन गर्न सकिने भएकोले विधेयकको व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छैन।

## व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | • मुलुकी देवानी संहिता, २०७४ को दफा ४७७ मा लिखतमा खुलाउनु पर्ने कुराहरू उल्लेख गरिएको छ। लिखतमा खुलाउनु पर्ने विवरणहरुमा लिखत तयार गर्दाका बखत साहु र ऋणी दुवै पक्षको साक्षी राखी साक्षीको नाम, थर र ठेगाना उल्लेख भएमा लिखतको कानूनी परिपक्वता कायम हुने तथा साहु र ऋणीबीच कुनै विवाद भएमा सो विवादलाई समाधान गर्न समेत सहयोग हुने भएकाले दफा ४७७ मा खण्ड (ञ१) मा लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक एक जना साक्षीको नाम, थर र ठेगाना उल्लेख गर्ने व्यवस्था थप गरिएको ।<br>• मुलुकी देवानी संहिता, २०७४ को दफा ४८८ मा साहु र ऋणीबीच परिच्छेद-१५ बमोजिमको रीत पुऱ्याई औपचारिक लिखत नगरेको भए तापनि कुनै लिखत, बैङ्किङ्ग कारोबार, विनिमेय अधिकारपत्र, चेक, भौचर वा बही खातामा लेखिएको व्यहोराबाट लेनदेन भएको कुरा प्रमाणित भएमा रकम भराई दिन सक्ने अधिकार अदालतलाई रहेको छ। घरसारमा हुने लेनदेनलाई थप व्यवस्थित बनाउन तथा निश्चित रकमभन्दा बढीको लेनदेन बैङ्किङ्ग प्रणालीबाट व्यवस्थित गर्न एक लाख रुपैयाँभन्दा बढीको लेनदेन कारोबार नगदै वा घरसारमा गरेमा त्यस्तो रकम अदालतबाट नभराइने व्यवस्था दफा ४८८ मा थप गरिएको। |
| २. | ३ | • मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा दस्तखत वा ल्याप्चे सहिछाप भएको लिखतको मान्यता सम्बन्धी व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा बैङ्क तथा वित्तीय संस्थासँग हुने कारोबारलाई समेत स्थानीय तहले प्रमाणित गर्नु नपर्ने स्पष्ट व्यवस्था गरी परिमार्जन गरिएको छ। साथै उपदफा (२) मा पचास हजार रूपैयाँभन्दा बढी रकम भएको वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो रकममा नघट्ने गरी निर्धारण गरे बमोजिमको रकमको घरसारमा भएको लिखत सम्बन्धित स्थानीय तह वा वडा समितिको कार्यालयबाट अनिवार्य रूपमा दर्ता गराउनु पर्ने र सोभन्दा कम रकम भएको लिखत पक्षहरुले चाहेमा दर्ता गराउन सकिने व्यवस्था समेत रहेको छ।दफा ३६ को उपदफा (३) मा लिखतका पक्षहरु त्यस्तो लिखत प्रमाणित गराउनको लागि आएमा सम्बन्धित स्थानीय तह वा वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्ने व्यवस्था रहेको छ।<br>उल्लिखित कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी घरसारको लिखतलाई थप व्यवस्थित बनाउन स्थानीय तहबाट प्रमाणित नभएका लिखत कार्यान्वयन नहुने व्यवस्था गर्नको लागि स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु प्रस्तुत संशोधन विधेयकबाट थप भएको दफा ३६ को उपदफा (३क) प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराई सक्नु पर्ने र त्यसरी लेनदेन कारोबारको लिखत प्रमाणित गर्दा सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले लिखत |

| क्र.सं. | दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्ने व्यवस्था थप गरिएको।<br>• दफा ३६ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश हटाई रित नपुगेको लिखत जहिलेसुकै तयार गरिएको भए तापनि अदालतबाट कार्यान्वयन हुन नसक्ने व्यवस्था कायम गरिएको र सोही दफामा उपदफा (६) थप गरी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्ने व्यवस्था गरिएको । |
| ३. | ४ | • मुलुकी अपराध संहिता, २०७४ मा दफा २४९क. थप गरी अनुचित लेनदेनको कार्यलाई कसूर कायम गर्ने र त्यस्तो कार्य गरेमा सजाय हुने व्यवस्था गरिएको।<br>• कसैले घरसारमा लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने, लेनदेन गर्दाकै बखतमा ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने, ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने, ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने, ऋणको साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गर्ने, अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने काम गरेमा वा गराएमा अनुचित लेनदेन गरेको वा गराएको मानिने व्यवस्था गरिएको।<br>• यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले ऋणीलाई यस दफा बमोजिमको काम गर्न गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न हैरानी पुऱ्याउन नहुने व्यवस्था गरिएको।<br>• यस दफा बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुने, अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा कुनै अन्य चल सम्पत्ति लिएको रहेछ भने सम्बन्धित ऋणीलाई त्यस्तो रकम वा चल सम्पत्ति बराबरको रकम कसूरदारबाट भराइदिनु पर्ने तथा अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुने व्यवस्था गरिएको। |
| ४. | ५ | • मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा दफा ३०क. थप गरी अनुचित लेनदेन सम्बन्धी कसूरमा अनुसन्धान गर्दा साहुले अस्वभाविक रुपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी कारबाही चलाइने व्यवस्था गरिएको।<br>• मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा संशोधन गरी अनुचित लेनदेन सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गरिपाउँ भनि सम्बन्धित सरकारी वकील समक्ष निवेदन दिन सक्ने र त्यस्तो निवेदन मनासिब देखिएमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था थप गरिएको।<br>• मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा |

| क्र.सं. | दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | (१) को व्यवस्थालाई परिमार्जन गरी एक वर्ष वा एक वर्ष भन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूर गरी कसूरदार ठहरिएको व्यक्तिलाई अदालतले उपयुक्त ठहऱ्याएमा कैदबापत रकम लिई कैदमा बस्नु नपर्ने व्यवस्था गरिएको।<br>• अनुचित लेनदेन सम्बन्धी कसूरको अनुसन्धान नेपाल प्रहरीबाट र अभियोजन सरकारी वकिलबाट हुने गरी अनुचित लेनदेन सम्बन्धी कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरिएको। |
| ५. | ६ | • मिति २०८०।०१।२० मा अध्यादेश जारी भएकोमा उक्त अध्यादेशको व्यवस्थालाई निरन्तरता दिनु पर्ने भएकोले अध्यादेश खारेज गरी अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था गरिएको। |

<u>मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** अनुचित लेनदेन सम्बन्धी कार्यलाई कसूर कायम गर्नको लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>मुलुकी देवानी संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी देवानी संहिता, २०७४ को,-

(१) दफा ४७७ को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

"(ञ१) लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक एक जना साक्षीको नाम, थर र ठेगाना,"

(२) दफा ४८८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर एक लाख रुपैयाँभन्दा बढीको लेनदेन कारोबार नगदै वा घरसारमा गरेको अवस्था भएमा त्यस्तो रकम भराई दिइने छैन।"

३. **<u>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा संशोधन</u>**ः मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को,-

(१) उपदफा (२) मा रहेका “विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने” भन्ने शब्दहरुको सट्टा “विनिमेय अधिकारपत्र मार्फत वा बैङ्क तथा वित्तीय संस्थासँग कारोबार हुने” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) र (३ख) थपिएका छन्:-

“(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ।

(३ख) उपदफा (३क) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नु अघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।”

(३) उपदफा (४) मा रहेका “उपदफा (३) बमोजिम” भन्ने शब्दहरुको सट्टा “उपदफा (३) वा (३क) बमोजिम” भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।"

४. **<u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि देहायको दफा २४९क. थपिएको छः-

"२४९क. <u>अनुचित लेनदेन गर्न नहुनेः</u> (१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछः-

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(ग) लेनदेन गर्दाकै बखतमा ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने,

(घ) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(च) ऋणको साँवाभन्दा बढी ब्याज लिने,

(छ) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।

(४) उपदफा (१) वा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(५) अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा कुनै अन्य चल सम्पत्ति लिएको रहेछ भने सम्बन्धित ऋणीलाई त्यस्तो रकम वा चल सम्पत्ति बराबरको रकम कसूरदारबाट भराइदिनु पर्नेछ।

(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ।"

**५.** **<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"३०क. <u>सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा कारबाही हुनेः</u> अनुसन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसूरमा अनुसन्धान गर्दा साहुले अस्वभाविक रुपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी कारबाही चलाइनेछ।"

(२) दफा ११७ को उपदफा (२) मा रहेका "सर्वसाधारणको ठगी" भन्ने शब्दहरुको सट्टा "सर्वसाधारणको ठगी, अनुचित लेनदेन" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी कैदको सजाय भएको कसूरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।"

(४) अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को उपखण्ड (२०) मा रहेका "दफा २४९" भन्ने शब्दहरुपछि ", दफा २४९क." भन्ने शब्दहरु थपिएका छन्।

**६.** **<u>खारेजी र बचाउः</u>** (१) मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० खारेज गरिएको छ।

(२) मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० बमोजिम भए गरेका काम, कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| १. | **मुलुकी देवानी संहिता, २०७४ मा संशोधनः** | | | | |
| | १ | दफा ४७७ | नयाँ व्यवस्था थप | दफा ४७७ को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः- "(ञ१) लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक एकजना साक्षीको नाम, थर र ठेगाना," | लेनदेनको लिखतलाई थप विश्वसनीय बनाउन कम्तीमा एक एकजना साक्षीको विवरण उल्लेख गर्ने व्यवस्था थप गर्न आवश्यक भएकोले। |
| | २ | दफा ४८८ | नयाँ व्यवस्था थप | दफा ४८८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः- "तर एक लाख रुपैयाँभन्दा बढीको लेनदेन कारोबार नगदै वा घरसारमा गरेको अवस्था भएमा त्यस्तो रकम भराई दिइने छैन।" | लेनदेन कारोबारको सत्यता पुष्टि गर्नको लागि बैङ्क तथा वित्तीय संस्थामार्फत कारोबार गर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| २. | **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा संशोधन** | | | | |
| | १ | दफा ३६ | ३६. लिखत मान्य हुनेः (१) यस परिच्छेद बमोजिम दस्तखत वा ल्याप्चे सहीछाप भएकोमा कानूनको अधीनमा रही त्यस्तो लिखत जुनसुकै प्रयोजनका लागि मान्य भई कानून बमोजिम कार्यान्वयन हुनेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कुनै निकायबाट प्रमाणित वा पारित गर्नु पर्ने वा त्यस्तो निकायमा अभिलेख रहने वा त्यस्तो निकायबाट कार्यान्वयन हुने वा विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने वा सार्वजनिक सूचना गरेको बोलपत्र बमोजिमका करार, ठेक्कापट्टा बाहेकका यस परिच्छेद बमोजिम दस्तखत वा ल्याप्चे सहीछाप गर्नु पर्ने पचास हजार रुपैयाँभन्दा बढी रकमको वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो रकममा नघट्ने गरी निर्धारण गरेको रकमभन्दा बढी रकमको | (१) उपदफा (२) मा रहेका "विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने" भन्ने शब्दहरुको सट्टा "विनिमेय अधिकारपत्र मार्फत वा बैङ्क तथा वित्तीय संस्थासँग कारोबार हुने" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (३) पछि देहायको उपदफा (३क) र (३ख) थपिएका छन्:- "(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ। (३ख) उपदफा (३क) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नु अघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।"<br>(३) उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) वा (३क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।<br>(४) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ। | बैङ्क तथा वित्तीय संस्थासँग हुने कारोबारलाई स्थानीय तहले प्रमाणित गर्नु नपर्ने गरी स्पष्ट गर्न आवश्यक भएकोले।<br><br>स्थानीय तहले लेनदेन कारोबारका लिखत प्रमाणित गर्दा आवश्यक छानबिन गर्न सक्ने व्यवस्था गर्न तथा दर्ता नभएका लिखत कार्यान्वयन नहुने व्यवस्था गरी झुट्टो लिखत तयार गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक भएकोले। |

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | नेपालभित्र घरसारमा तयार भएको लिखत सम्बन्धित पक्षहरू स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयमा उपस्थित भई सक्कल लिखतको शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र त्यसरी प्रमाणित गर्दा लिखतमा लिखतका कारणीहरूलाई प्रमाणित गर्ने कार्यालयले सहीछाप गराउनु पर्नेछ।<br>तर पक्षहरूले चाहेमा पचास हजार रुपैयाँभन्दा कमको घरसारको लिखत पनि यस दफा बमोजिम प्रमाणित गराउन सक्नेछन्।<br>(३) उपदफा (२) बमोजिम लिखत प्रमाणित गराउन आएमा सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले पनि लिखतका पक्षहरूको नाम, थर, ठेगाना, लिखत भएको मिति र लेनदेन भएको रकम वा लिखतमा उल्लेख भएको बिगो समेत खुलाई अभिलेख राखी त्यस्तो लिखत त्यसै दिन प्रमाणित गरिदिनु पर्नेछ।<br>(४) उपदफा (३) बमोजिम लिखत प्रमाणित गर्दा स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले बढीमा दुई सय रुपैयाँसम्म दस्तुर लिन सक्नेछ।<br>(५) यस दफा बमोजिम रीत नपुगेको लिखत अदालतबाट कार्यान्वयन हुने छैन।<br>तर यो दफा प्रारम्भ हुनु अगावै | (५) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।" | |

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | तत्काल प्रचलित कानून बमोजिम तयार भएको लिखतको मान्यता वा कार्यान्वयनका सम्बन्धमा यो दफाको व्यवस्थाले प्रतिकूल असर गर्ने छैन। | | |
| ३. | **<u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः</u>** | | | | |
| | | २४९क. | नयाँ व्यवस्था थप | दफा २४९ पछि देहायको दफा २४९क. थपिएको छः-<br>"२४९क.<u>अनुचित लेनदेन गर्न नहुनेः</u> (१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुदैन।<br>(२) उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछः-<br>(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,<br>(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,<br>(ग) लेनदेन गर्दाकै बखतमा ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने,<br>(घ) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने,<br>(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,<br>(च) ऋणको साँवाभन्दा बढी ब्याज लिने, | अनुचित लेनदेनलाई कसूर कायम गरी सजायको व्यवस्था गर्ने, त्यस्तो लेनदेनको आधारमा हुने अचल सम्पत्ति हस्तान्तरणलाई बदर गर्ने तथा चल सम्पत्ति हस्तान्तरण भएकोमा कसूरदारबाट भराउने व्यवस्था गर्न आवश्यक भएकोले। |

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | | (छ) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गर्ने,<br>(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।<br>(३) यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।<br>(४) उपदफा (१) वा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ।<br>(५) अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा कुनै अन्य चल सम्पत्ति लिएको रहेछ भने सम्बन्धित ऋणीलाई त्यस्तो रकम वा चल सम्पत्ति बराबरको रकम कसूरदारबाट भराइदिनु पर्नेछ।<br>(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ।" | |
| ४. | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः** | | | | |
| | १ | दफा ३०क. | नयाँ व्यवस्था थप | "३०क. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा कारबाही हुने: अनुसन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसूरमा अनुसन्धान गर्दा साहुले अस्वभाविक रुपमा ठूलो रकम | अस्वभाविक रुपमा ठूलो रकमको ऋण दिएमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा समेत अनुसन्धान गर्न |

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | | घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी कारबाही चलाइनेछ।" | आवश्यक भएकोले। |
| | २ | दफा ११७ को उपदफा (२) | उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिबादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ। | दफा ११७ को उपदफा (२) मा रहेका "सर्वसाधारणको ठगी" भन्ने शब्दहरुको सट्टा "सर्वसाधारणको ठगी, अनुचित लेनदेन" भन्ने शब्दहरु राखिएका छन्। | अनुचित लेनदेनको कसूरमा मिलापत्र गर्न सक्ने व्यवस्था गर्न उपयुक्त हुने भएकोले। |
| | ३ | दफा १५५ | १५५. <u>कैद बापत रकम तिर्न सकिनेः</u> (१) कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैद बापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ। | दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी कैदको सजाय भएको कसूरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।" | एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटकको कसूरदारलाई कैद बापत रकम लिई कैदमा बस्नु नपर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| | ४ | अनुसूची-१ | नयाँ व्यवस्था थप | अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को उपखण्ड (२०) मा रहेका "दफा २४९" भन्ने शब्दहरुपछि ", दफा २४९क." भन्ने शब्दहरु थपिएका | दफा २४९क. बमोजिमको कसूरलाई अनुसूची-१ मा समावेश गर्नुपर्ने भएकोले। |

| क्र. सं. | क्र. सं. | दफा | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| | | | | छन्। | |
| ५. | **खारेजी र बचाउ** | | | | |
| | १ | | खारेजी र बचाउ | खारेजी र बचाउः (१) मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० खारेज गरिएको छ।<br>(२) मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० बमोजिम भए गरेका काम, कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ। | मिति २०८०।०१।२० मा जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी विधेयक तर्जुमा गरिएको हुँदा खारेजी र बचाउको व्यवस्था आवश्यक भएको। |